Ref: 2021/23MM13TH ER

# मिटिङ माइनुट

गैर आवासीय नेपाली सङ्घ राष्ट्रिय समन्वय परिषद् अमेरिकाको मिति मार्च २ तारिक २०२३ बिहीबार साँझ अनलाइन माध्यम जुमबाट अध्यक्ष श्री बुद्धि सागर सुबेदी ज्यूको अध्यक्षतामा कार्यसमितिको बैठक सम्पन्न भयो । गैर आवासीय नेपाली सङ्घ अन्तर्राष्ट्रिय समन्वय परिषद् आईसीसीका पदाधिकारी, केन्द्रीय सदस्यज्यूहरू र च्याप्टर अध्यक्षज्यूहरूलाई पनि बैठकमा आमन्त्रण गरियो ।

**उपस्थिति:**

अध्यक्ष श्री बुद्धि सागर सुवेदी उपस्थित
वरिष्ठ उपाध्यक्ष कृष्ण जीवि पन्त उपस्थित

उपाध्यक्षहरू
सुमन थापा उपस्थित
डीलु पराजुली उपस्थित
गोपेन्द्र भट्टराई उपस्थित
वीकाश उप्रेती उपस्थित
दिक्षा बस्नेत अनुपस्थित

महासचिव अन्जन कुमार चौलागाई उपस्थित
सचिव अनुप खनाल उपस्थित
महिला सचिव सुनिता कँडेल अनुपस्थित

कोषाध्यक्ष राजीव श्रेष्ठ उपस्थित
सह कोषाध्यक्ष अग्नि ढकाल अनुपस्थित
प्रवक्ता तोया दाहाल उपस्थित
युवा संयोजक त्रिभुवन पाण्डे उपस्थित

महिला संयोजक सुन्दरी गुरुङ उपस्थित

**बोर्ड अफ डाइरेक्टरहरू**

विशाल राना उपस्थित
प्रभात सापकोटा उपस्थित
प्रकाश श्रेष्ठ उपस्थित
विश्व बास्तोला उपस्थित
डोलनाथ घिमिरे उपस्थित
दुर्गेश जङ्ग कार्की उपस्थित
राज ढुङ्गाना उपस्थित
ज्ञानेन्द्र गुरुङ उपस्थित
बाला घिमिरे उपस्थित
सन्तोष पहारी अनुपस्थित
शान्ति वाग्ले अनुपस्थित
आशिष संग्रौला अनुपस्थित

क्षेत्रीय संयोजकहरू
श्रीराम थापा उपस्थित
समर बहादुर बुढाथोकी उपस्थित
किरण बहादुर बस्नेत उपस्थित
बादल थापा अनुपस्थित

बैठकमा गैर आवासीय नेपाली सङ्घ अन्तर्राष्ट्रिय समन्वय परिषद् आईसीसीबाट आमन्त्रित रूपमा

रविना थापा, कार्यकारी अध्यक्ष आइसीसी उपस्थित
डा केशव पौडेल, महासचिव आइसीसी उपस्थित
गौरीराज जोशी, महासचिव आइसीसी उपस्थित

बैठकमा च्याप्टर सभापतिहरू आमन्त्रित

**देहायका विषयलाई छलफल र निर्णयका लागि प्रस्तुत गरियो।**

**१ सदस्यता वितरण सम्बन्धमा**
**२ कार्यालय सञ्चालन सम्बन्धमा**
**३ महिला सम्मेलन सम्बन्धमा**
**४ विविध**

गैर आवासीय नेपाली सङ्घ अन्तर्राष्ट्रिय समन्वय परिषद् आईसीसीका कार्यकारी अध्यक्ष रविना थापा र महासचिव द्वय डा केशव पौडेल र गौरीराज जोशीले समेत सरोकार राख्नु भएको विषय प्रस्ताव नम्बर ४ को विविधबाट बैठक अगाडि बढाउन गैर आवासीय नेपाली सङ्घ राष्ट्रिय समन्वय परिषद् अमेरिकाका अध्यक्ष श्री बुद्धि सागर सुवेदीले महासचिव श्री अन्जन कुमार चौलागाईलाई निर्देशन दिनु भयो।

**प्रस्ताव नम्बर ४ विविध**

**क) नेपालमा अक्सिजन प्लान्ट निर्माणमा सहयोग गर्ने सम्बन्धमा**

गैर आवासीय नेपाली सङ्घ राष्ट्रिय समन्वय परिषद् अमेरिकालाई गैर आवासीय नेपाली सङ्घ अन्तर्राष्ट्रिय समन्वय परिषद् आईसीसीले नेपालमा एउटा अक्सिजन प्लान्ट निर्माण गरिदिन गरेको आग्रह अनुसार निवर्तमान कार्यसमितिले एक लाख डलरमा कार्य सम्पन्न गर्ने गरी प्रक्रिया अगाडि बढाएको थियो। त्यसका लागि एनआरएनए अमेरिकाले ५० हजार डलर पठाई सकेको र बाकी ५० हजार डलर पठाउने सम्बन्धमा छलफल भयो।

कार्यसमिति बैठकमा आमन्त्रित आइसीसी कार्यकारी अध्यक्ष रविना थापाले एनआरएनए अमेरिकाका अध्यक्ष श्री बुद्धि सागर सुवेदी नेतृत्वको कार्यसमितिले गरेका कामहरूको चर्चा गर्दै प्रशंसा गर्नु भयो।

आइसीसी कार्यकारी अध्यक्ष रविना थापाले कोभिडको समयमा एनआरएनए अमेरिकाले नेपाल र नेपालीका लागि ३ करोड रुपैयाँ भन्दा बढी मूल्य बराबरको उपकरण र सामाग्री पठाएर मानवीय काम गरेको बताउनु भएको छ ।वान एनसीसी वान च्यारेटी कार्यक्रम अन्तरगत नेपालका दुर्गम ठाउँमा स्वास्थ्य र मानवीय सेवाका खातिर एनआरएनए अमेरिकाले सल्यान जिल्लाको दुर्गम गाउँमा मिनी प्रसूति गृह निर्माण गरिदिएको छ। त्यस्तै लामो समय देखि छलफल भएको तर अगाडि बढ्न नसकिरहेको एनआरएनए अमेरिकाको कार्यालय भवन खरिद गर्ने काम सम्पन्न गरेर प्रशंसनीय काम गरेको उल्लेख गर्नु भएको छ । अमेरिकामा भएका विभिन्न दुखद घटनामा ज्यान गुमाउनु भएका थुप्रै नेपालीहरूको शव व्यवस्थापन र नेपाल पठाउने काममा एनआरएनए अमेरिकाले उल्लेखनीय योगदान गरेकोमा, विभिन्न राज्यमा नेपाल र नेपालीको पहिचान झल्कने नेपाल डे परेड, यूथ इम्प्याक्ट समिट लगायतका कार्यक्रम भव्यताका साथ सम्पन्न अन्तर्राष्ट्रिय नारी दिवशका अवसरमा न्यूह्यामसायरमा आफू सहभागी हुने छु भन्नु भयो । आइसीसी कार्यकारी अध्यक्ष रविना थापाले पोखरामा निर्माण गर्न लागिएको शौचालय र एनआरएनए अमेरिकाको आर्थिक सहयोगमा काम पुरा भएको अक्सिजन प्लान्टको बाकी ५० हजार डलर पठाइ सहयोग गर्न आग्रह गर्नु भयो ।

एनआरएनए आईसीसी महासचिव डाक्टर केशव पौडेलले अमेरिकामा केही राज्यमा थोरै व्यक्तिहरूबिचमा सीमित एनआरएनए अमेरिकालाई आफू अध्यक्ष भएको समयमा सबै राज्य र धेरै नेपाली समुदाय बिचमा पुराएर थुप्रै कामहरूको सुरुवात गराएको स्मरण गर्नु र गराउनु भयो । धेरै चुनौतीका बिचमा पनि वुद्धि सागर सुवेदी नेतृत्वको एनआरएनए अमेरिकाले धेरै उल्लेख्य काम गरेको भन्दै प्रशंसा गर्नु भयो । कार्यालय भवन खरिदपछि एनआरएनए अमेरिका जग नहल्लिने गरी दह्रो भएको बताउनु भयो । गैर आवासीय नेपाली सङ्घ अमेरिकाले सदस्यता खुला गर्न एम आई एसबाट काम अगाडि बढाउन सक्ने छ भन्नु भयो । एमआइएसमा पहिला भन्दा थुप्रै कुराहरूमा सुधार गरिएको डाटा सुरक्षाका लागि काम भएको चर्चा गर्नु भयो । एनआरएनए अमेरिकाको आर्थिक सहयोगमा काम पुरा भएको अक्सिजन प्लान्टको बाकी ५० हजार डलर पठाइ सहयोग गर्न आइसीसी महासचिव डा केशव पौडेलले पनि आग्रह गर्नु भयो ।

एनआरएनए आईसीसी महासचिव गौरीराज जोशीले गैर आवासीय नेपाली सङ्घ अमेरिकाको श्री बुद्धि सागर सुवेदी नेतृत्वको कार्यसमितिले गरेका कामहरूको सह्राना गर्नु भयो । पारिवारिक कारणले गर्दा एनसीसी अमेरिकाले गरेका कार्यक्रमहरूमा सहभागी हुन नसकेको बताउनु भयो । एमआइएस सिस्टममा

केही समस्या भएमा आईसीसीले समाधान गर्ने बताउँदै ढुक्क भएर सदस्यता खुलाउन आग्रह गर्नु भयो । आईसीसी महासचिव गौरीराज जोशीले एनआरएनए अमेरिकाको आर्थिक सहयोगमा काम पुरा भएको अक्सिजन प्लान्टको बाकी ५० हजार डलर पठाइ सहयोग गर्न आग्रह गर्नु भयो । संस्थासँग आवश्यक रकम नभएमा आर्थिक सहयोग सङ्कलन गरी रकम पठाउन पनि सुझाव दिनु भयो । सहयोग सङ्कलनमा आफूले पनि योगदान गर्ने बताउनु भएको छ ।

## अर्थ सङ्कलन समिति

आईसीसीका पदाधिकारीहरूको आग्रहलाई समेत मध्यनजर गर्दै एनआरएनए अमेरिकाको कार्यसमिति बैठकले अक्सिजन प्लान्ट निर्माणको काम सम्पन्न भइसकेकाले बाकी आधा अर्थात् ५०००० पचास हजार डलर पठाउनका लागि सहयोग सङ्कलन गर्ने निर्णय गरियो । सहयोग सङ्कलनका लागि उपाध्यक्ष गोपोन्द्र भट्टराईको संयोजकत्वमा समिति निर्माण गरियो । समितिले ३० दिन भित्र ५० हजार डलर रकम सङ्कलन गरी एनसीसी अमेरिकाको खातामा जम्मा गर्ने छ । कार्यसमितिले विधिवत ढङ्गले सङ्कलित रकम आईसीसीलाई हस्तान्तरण गर्ने छ ।

## प्रस्ताव नम्बर १ सदस्यता वितरण खुला गर्ने

कार्यसमिति बैठकमा सदस्यता वितरण खुला गर्ने विषयमा छलफल भयो । कार्यसमिति र च्याप्टरका पदाधिकारी र सदस्यहरूले एमआइएस सिस्टममा पहिलो चरणमा परीक्षण गर्ने र कुनै समस्या नदेखिएमा तत्काल सदस्यता वितरण खुला गर्ने निर्णय गरियो ।

## प्रस्ताव नम्बर २ कार्यालय सञ्चालन सम्बन्धमा

कार्यालय सञ्चालनका लागि प्रशिक्षार्थी कार्यालय सचिव नियुक्त गरी तालिम दिन थालिएको महासचिव अन्जन कुमार चौलागाईले जानकारी दिनु भयो ।
अप्रिल १४ तारिक कार्यालय भवनमा शान्ति स्वस्ति गरेर १५ तारिक कार्यालय भवनको औपचारिक उद्घाटन र कार्यालय भवन भित्र पहिलो फिजिकल बैठक गर्ने निर्णय गरियो ।

## प्रस्ताव नम्बर ३ महिला सम्मेलन सम्बन्धमा

मार्च ४ तारिक अन्तर्राष्ट्रिय महिला दिवशको अवसरमा न्यु ह्यामसायरमा नारी दिवश विशेष कार्यक्रमका बारेमा कार्यक्रम संयोजक तथा एनआरएनए अमेरिका महिला संयोजक सुन्दरी गुरुङले तयारीका विषयमा जानकारी गराउनु भयो। कार्यक्रम सफल गराउन गुरुङको प्रयास र सक्रियताको सह्राना गरियो।

## प्रस्ताव नम्बर ४ विविध

## ख) मेम्बरसिप ड्राइभ कमिटी

प्रस्ताव नम्बर ४ को विविध शीर्षकमा मेम्बर सिप ड्राइभ कमिटी गठनका विषयमा कार्यसमिति बैठकमा छलफल भयो। गैर आवासीय नेपाली सङ्घ अमेरिकाका उपाध्यक्ष डीलु पराजुलीलाई मेम्वरसीप ड्राइभ कमिटीको चेयरको जिम्मेवारी दिइयो। पराजुलीले मेम्बरसिप ड्राइभ कमिटीलाई पूर्णता दिएर मेम्बर सिपको काम अगाडि बढाउनु हुने छ।

अन्जन कुमार चौलागाई
महासचिव, गैर आवासीय नेपाली सङ्घ अमेरिका
मिति: ०३–०६ –२०२३

"Once a Nepali Always a Nepali"